संवत् २०८१ साल पुस १६ गते बसेको थाहा नगरपालिका नगर कार्यपालिका बैठकको निर्णयः

थाहानगर कार्यपालिका बैठक संख्या : ००६/२०८१/२०८२

| क्र.सं. | महाशाखा/शाखा | निर्णयको संक्षिप्त ब्यहोरा |
|---|---|---|
| १. | प्रशासन/योजना महाशाखा | थाहा नगरपालिकाको १७औं नगरसभा (हिउदे अधिवेशन) मिति २०८१ पौष २६ गते शुक्रबारका दिन विहान ११ बजे संचालन गर्ने। |
| २. | योजना महाशाखा | आ.व. २०८१/०८२ का लागि प्रदेश समपुरक र विषेश अनुदानको लागि तपसिल बमोजिमका योजनाहरु छनौट गरी पठाउने:<br>**समपुरक**<br>१. नौखण्डे लिती जगडाँडा सडक, थाहा-११ र १२।<br>२. भकुण्डेबास काभ्रेखर्क भन्ज्याङ सिम्ले सडक, थाहा-८।<br>३. शिखरकोट रुप्से सडक, थाहा-४।<br>४. टाखेल देउलाबस्ती एफ.एम. डाँडा हुदै गणेशस्थान स्तरउन्नती, थाहा-२।<br>**विषेश**<br>१. झक्के डाँडा ऐसेलुखर्क पुरानो खानीगाउँ मोरीया सुलिकोट बृहत खानेपानी आयोजना, थाहा-८<br>२. श्री कालिकादेवी प्रा.वि. भवन निर्माण, थाहा-१। |
| ३. | विपद/योजना शाखा | मिति २०८१ असोज महिनामा परेको अविरल वर्षाको कारण थाहा नगरपालिकाको सम्पूर्ण वडाहरुमा हुन गएको क्षतीको खर्चको विवरण मिति २०८१ पौष १८ गते भित्र उपलब्ध गराउन र उक्त खर्च वडा कार्यालयमा विनियोजित बजेटको कुन शिर्षकबाट, कस्लाई र कति खर्च लेख्ने भनी सम्पूर्ण वडा कार्यालयहरुलाई पत्राचार गर्ने। |
| ४. | प्रशासन शाखा | यस नगरपालिकामा कार्यरत निम्न बमोजिमका कर्मचारीहरुलाई स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा ३० (१) र (२) बमोजिम मिति २०८०/१०/०१ गतेदेखि ज्येष्ठता कायम हुने गरी सहायक पाँचौंबाट अधिकृतस्तर छैठौंमा तहवृद्धि गर्ने,<br>• सुदर्शन पहेली<br>• दिनेश श्रेष्ठ |
| ५.१ | योजना महाशाखा | थाहा नगरपालिकामा नगर उप-प्रमुख ज्यूको संयोजकत्वमा रहेको अनुगमन तथा सुपरिवेक्षण समितिमा १ (एक) जना प्राविधिक कर्मचारी (ईन्जिनियर) थप गर्ने। |
| ५.२ | योजना महाशाखा | थाहा नगरपालिकाबाट गरिने विभिन्न ठेक्काको सूचनामा परेका निवेदनहरु खोल्न तपसिल बमोजिम मुचुल्का समिति गठन गर्ने निर्णय गरियो।<br>तपसिल<br>१. संयोजक : योजना महाशाखा प्रमुख<br>२. सदस्य : प्राविधिक शाखाको कर्मचारी १ (एक) जना<br>३. सदस्य : प्रशासन शाखा प्रमुख<br>४. सदस्य सचिव : सूचना प्रविधि अधिकृत |
| ५.३ | राजश्व/प्रशासन | दामन भ्यू टावरमा संरचनाहरु थप तथा स्तरोन्नती गर्नका लागि स्वीकृती प्रदान गर्ने र सोको लागि आश्यक पर्ने ५, ६ वटा सल्लोको रुख उपलब्ध गराईदिन डिभिजन वन कार्यालयलाई अनुरोध गर्ने। |
| ५.४ | क्षयरोग नियन्त्रण | चालु आ.व.मा थाहा नगरपालिकाको लागि क्षयरोग कार्यक्रम अन्तर्गत प्राप्त बजेटलाई ब्रेकडाउन गर्ने । |
| ५.५ | प्रशासन शाखा | लोक सेवा आयोगको कार्यालय, हेटौडाको प.सं. ०७६/७७ च.नं. ५६१ मिति २०७७/०२/२६ को सिफारिस पत्रानुसार यस नगरपालिकामा नियुक्ति भइ त्रिपुरासुन्दरी नगरपालिका डोल्पामा कामकाजमा खटाईनु भएका अ.स.ई. श्री रुपचन्द्र धराला यस नगरपालिकाबाट अ.स.ई.श्री रुपचन्द्र धरालालाई काज फिर्ता गर्न तालुक निकायमा |

हिरेन्द्र कुमार रायमाझी
प्रवक्ता

| | | |
|---|---|---|
| | | अनुरोध गर्ने । |
| ५.६ | राजश्व/प्रशासन | थाहा नगरपालिका राजश्व शाखाबाट प्राप्त निर्णयलाई अनुमोदन गर्ने । |
| ५.७ | प्रशासन महाशाखा/आर्थिक प्रशासन शाखा | थाहा नगरपालिकामा कार्यरत लेखा अधिकृत श्री अमर बहादुर जिसीले नेपाल सरकारको बैदेशिक अध्ययनका लागि छात्रवृत्ती छनौटमा सफल भएमा निजलाई स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०७९ को दफा ५९ बमोजिमको अध्ययन विदाको लागि स्वीकृति प्रदान गर्ने । |
| ५.८ | प्रशासन शाखा | धुनिवेशी नगरपालिका, धादिङ्गको च.नं. १३४१ मिति २०८१/०९/०५ को प्राप्त पत्रानुसार मालपोत कार्यालय धादिङ्गको क्षेत्राधिकार भित्र पर्ने जग्गाको मोठ, श्रेस्ता र नापी नक्साको विवरण मकवानपुर जिल्लाबाट धादिङ्ग जिल्ला स्थित मालपोत कार्यालयमा हस्तान्तरण गर्नको लागि तालुक निकायहरु संग सहजीकरण गर्ने । |
| ५.९ | खानेपानी बोर्ड | थाहा नगर खानेपानी बोर्डको मिति २०८१/०९/०९ गतेको निर्णयलाई अनुमोदन गर्ने । |
| ५.१० | स्वास्थ्य/प्रशासन शाखा | पालुङ प्राथमिक स्वास्थ्य केन्द्रमा रिक्त रहेको मेडिकल अधिकृत पदको पदपुर्तिको लागि पालुङ प्राथमिक स्वास्थ्य केन्द्र व्यवस्थापन समितिको मिति २०८१/०९/१६ गतेको निर्णय तथा सिफारिस बमोजिम डा.बिनिशा श्रेष्ठलाई मिति २०८१/०९/१७ गतेदेखि लागु हुने गरी नियुक्ति प्रदान गर्ने र निजलाई पालुङ प्राथमिक स्वास्थ्य केन्द्र प्रमुखको समेत जिम्मेवारी प्रदान गर्ने । |
| ५.११ | योजना शाखा | थाहा नगरपालिकाको च.नं. ९८८ मिति २०८१/०७/२८ गतेको कार्यआदेश बमोजिम श्री इभरीन कन्सल्ट प्रा.लि.बाट पेश हुन आएको चित्लाङ धनदेव गोले पार्क, थाहा-९ को प्रारम्भिक वातावरणीय परीक्षणको प्रतिवेदन (IEE) सुचिकृत गर्ने । |
| ५.१२ | योजना महाशाखा | थाहा नगरपालिका योजना महाशाखा र प्राविधिक शाखाको सिफारिस बमोजिमका योजनाहरुको म्याद थप गर्ने :<br>• बाराहीचौर सडक स्तरोन्नती (पहिलो)<br>• कुलगाउँ कुन्छाल भित्री सडक स्तरोन्नती (दाश्रो)<br>• गहते खोलाखर्क सडक स्तरोन्नती (दाश्रो)<br>• चौबास खानेपानी<br>• चौबास खानेपानी<br>• चिसापानी खानेपानी |
| ५.१३ | न्यायिक शाखा | थाहा नगरपालिकाको चालु आर्थिक वर्षमा स्वीकृत कार्यक्रम बमोजिम मिति २०८१/०८/१४ देखि २०८१/०८/ २० गतेसम्म संचालित आधारभूत (४८ घण्टा) मेलमिलापकर्ता तालिम कार्यक्रममा सहभागी हुनुभएका ३१ जना मेलमिलापकर्ताहरुलाई सुचिकृत गर्ने । |

(हिरेन्द्र कुमार रायमाझी)
प्रवक्ता

हिरेन्द्र कुमार रायमाझी
प्रवक्ता